सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक ६२ ♦ २०८२ साल कार्तिक १९ बुधवार ♦ 5 Nov 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## सुरक्षानिकाय र जनकपुरका व्यापारीबीच पाँच बुँदे सहमतिपछि आन्दोलन स्थगित




**खबर दर्पण समाचारदाता**
**कार्तिक १८ गते, जनकपुरधाम**

आन्दोलित भएका जनकपुर धामका व्यापारीहरुले घोषणा गरेको आन्दोलनका सम्पूर्ण कार्यक्रम स्थगित गरेका छन् । धनुषाका प्रमुख जिल्ला अधिकारीको अगुवाइमा भएको छलफल सहमतिमा टुंगिएपछि जनकपुरधामका व्यापारीहरूले आन्दोलनका कार्यक्रमहरु स्थगित गरेका छन् । जनकपुर धाममा मंगलबार जिल्ला प्रशासन कार्यालय धनुषामा भएको छलफलमा सुरक्षा निकायका पदाधिकारी र जनकपुर उद्योग वाणिज्य संघका प्रतिनिधिहरू सहभागी थिए ।

छलफलपछि प्रहरी र व्यवसायी पक्षबीच पाँच बुँदे सहमति भएको जनाइएको छ । दुवै पक्षबीच भएको सहमति अनुसार गत असोज ३१ गते जनकपुर धामको सोनारपट्टी बजारमा भएको घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्ने, व्यापारीहरूको सुरक्षाको प्रत्याभूति दिलाउने, र बजार सञ्चालनका लागि सहज वातावरण सुनिश्चित गर्ने जस्ता सहमति भएको जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले जानकारी दिए ।

सहमतिपछि जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष भण्डारीले प्रहरी दमनविरुद्ध आह्वान गरेको आन्दोलनका सम्पूर्ण कार्यक्रम स्थगित गरिएको बताए । आन्दोलन फिर्ता लिएसँगै जनकपुरधामको बजार व्यवसाय पुनः सञ्चालनमा आएको छ । प्रमुख जिल्ला अधिकारी धनुषाका प्रेम प्रसाद लुईटलको रोहबरमा भएको सहमतीय बैठकले धनुषा जिल्लामा भएका उद्योग र व्यवसायजन्य पछिल्ला गतिविधिहरु बारे बृहत रुपमा सफल तथा अन्तरक्रिया गरी उद्योग व्यवसाय सहज रुपमा संचालन गर्न सबै पक्षले समन्वयात्मक रुपमा कार्य गर्ने र सुरक्षाको भरपर्दो व्यवस्था मिलाउने, असोज ३१ मा भएको घटनामा जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष भण्डारी घाइते हुनु भएको घटना प्रति दुख व्यक्त गर्दै उनको शीघ्र स्वास्थ्य कामना, सो घटनामा सम्वन्धित निकायले छानविन गरी प्रचलित कानुन बमोजिम दोषी देखिने उपर आवश्यक कारवाहीको प्रक्रिया अगाडि बढाउने, जनकपुरधाम उद्योग वाणिज्य संघबाट घोषणा गरी भइरहेको आन्दोलनलाईस्थगित गरी सबै उद्योग व्यवसाय नियमित रुपमा सुचारु गर्ने सहमति भएको संघद्वारा जारी गरिएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

यसअघि शनिबारदेखि नै आन्दोलित व्यापारीहरूले मंगलबार बिहान ९ बजेदेखि १२ बजेसम्म बजार व्यवसाय बन्द गर्दै विरोध प्रदर्शन गरेका थिए । व्यापारीहरूले यसअघि तीन

बाँकी पृष्ठ २ मा

## आन्दोलनरत स्वास्थ्यकर्मीहरु माथि प्रहरी दमन



**खबर दर्पण समाचारदाता**
**कार्तिक १८ गते, जनकपुरधाम**

जनकपुरधाममा सडक अवरुद्ध गरी आन्दोलनरत स्वास्थ्यकर्मीहरुमाथि प्रहरीले दमन गर्दै निर्घात कुटपिट गरेका छन् ।

सो क्रममा मंगलबार साँझ पिडारी चोकबाट आन्दोलनरत तीन जना स्वास्थ्यकर्मीलाई प्रहरीले नियन्त्रणमा लिएका छन् भने दुर्व्यवहारसहित एक महिला स्वास्थ्यकर्मीलाई मरनासन्न हुने गरी कुटपिट गरेको स्वास्थ्यकर्मी रञ्जित यादवले बताए ।

जनकपुरधाम मंगलबार पिडारी चोकस्थित अवरुद्ध गरि एको जनकपुरधाम-ढल्केवर सडकखण्ड खुलाउने क्रममा शान्तिपूर्ण रुपमा आन्दोलन गरि रहेका स्वास्थ्यकर्मीहरुमाथि अश्रुग्यास प्रहारसंगै कुटपिटसमेत गरेको स्वास्थ्यकर्मी यादवले बताए । उनका अनुसार पक्राउ पर्नेहरुमा स्वास्थ्यकर्मीहरु ओम कापडी, पशुपति र नाम नखुलेका एकजना अझै रहेका छन् ।

उनीहरुले जनकपुरधामस्थित रामानन्द चोक हुँदै पिडारी चोकमा दिउँसोदेखि नै साँझसम्म जनकपुरधाम-ढल्केवर सिक्सलेन सडक अवरुद्ध गरी आन्दोलनमा छन् । सो क्रममा बाटो खुलाउँदै आन्दोलनलाई नियन्त्रणमा लिनका लागि धनुषा प्रहरीले करिब ६ राउण्ड अश्रुग्यास प्रहार गरेको जनाइएको छ ।


नेपाल सरकारले तोकेको मापदण्डअनुसारको तलब पाउनुपर्ने माग गर्दै निजी अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीले आन्दोलनमा उत्रिएका छन् । मन्त्रालयले सूचना जारी हुँदासमेत निजी अस्पतालहरूले कार्यान्वयन नगरेको स्वास्थ्यकर्मी रामविनय ठाकुरले बताए । उनले जिल्ला प्रशासन कार्यालय, श्रम मन्त्रालय, मुख्यमन्त्री कार्यालय र स्वास्थ्य मन्त्रालयलाई बारम्बार ध्यानाकर्षण गराए पनि अहिलेसम्म कुनै ठोस कदम नउठाइएकाले बाध्य भएर सडकमा उत्रिएर आन्दोलन गर्नुपरेको बताए ।

बाँकी पृष्ठ २ मा

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैक नजिकै), महोत्तरी

- पत्रिका
- क्यालेण्डर
- रजिष्टर, डाइरी
- किताब
- परीक्षा कपी
- पर्चा पम्पलेट
- बिल, भाउचर,



- स्क्रिन प्रिन्ट
- विवाह कार्ड
- प्रमाण पत्र
- भिजिटिङ्ग कार्ड
- झोला प्रिन्ट
- रबर स्टाम्प




- फ्लेक्स प्रिन्ट
- ब्यानर प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- स्टिकर
- फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

खबर दर्पण
राष्ट्रिय दैनिक



# युवा अभियन्ताहरु द्वारा बर्दिबासमा बालविवाह न्यूनीकरणसम्बन्धी सडक नाटक प्रदर्शन

**खबर दर्पण समाचारदाता**

**कार्तिक १८ गते, बर्दिवास**

शिफ्ट अभियानअन्तर्गत युवा अभियन्ताहरुले मंगलबार बर्दिबासको भोला वसन्त चौकमा बालविवाह न्यूनीकरण सम्बन्धी सडक नाटक प्रदर्शन कार्यक्रम आयोजना गरेका छन् ।

सडक नाटक प्रदर्शनमा युवा, विद्यार्थी, बुद्धिजीवी, सरोकारवालाहरू, अभिभावक, शिक्षक, जनप्रतिनिधि लगायतको सहभागिता थियो । बाल विवाहबाट व्यक्ति, परिवार, समाजमा पारिरहेको नकारात्मक असर र बालविवाह रोकथामका लागि समुदायको भुमिका बारे सडक नाटकमार्फत सचेतना फैलाउने प्रयास गरिएको थियो । स्थानीय युवाहरूद्वारा प्रदर्शित उक्त सन्देशमूलक सडक नाटक हेर्न स्थानीयवासी झुम्मिएका थिए ।

अभियान बर्दिबासस्थित युवा अभियन्ताहरूको समूह युथ फर चेन्ज ले सेभ द चिल्ड्रेनको सहयोगमा सञ्चालन गरेको हो।अभियानले मधेश प्रदेशमा बालविवाह अन्त्य गर्नको लागि तत्काल कदम चाल्नुपर्ने आवश्यकतामा जोड दिएको छ। सेभ द चिल्ड्रेनद्वारा सञ्चालित शिफ्ट अभियानले युवाहरूलाई सामाजिक वा वातावरणीय परिवर्तनका लागि सार्वजनिक अभियान डिजाइन र सञ्चालन गर्न सहयोग गर्दछ।

अशिक्षा र चेतना अभावको कारण समाजमा हुने बालविवाहको कारण स्वास्थ्य, घरपरिवार तथा समाजमा पर्ने असर न्यूनीकरण गर्ने उद्देश्यले सडक नाटक प्रदर्शन गरिएको आयोजक संस्था युथ फर चेन्जका युवा अभियन्ता मनिषले बताए । सडक नाटक प्रदर्शन हेरिसकेपछि मधेश प्रदेश सभा सदस्य एवम् बालअधिकारका लागि ससदीय मञ्चका सयोजक शारदादेवी थापाले समाजमा भइरहेका बालविवाहबाट पर्ने नकारात्मक असरबारे कसैले ध्यान नदिँदा विभिन्न हिंसाका घटनाहरु भइरहेकोले यस प्रकारका कार्यक्रमले सचेतना अभिवृद्धि गर्न मद्दत पुगेको बताउँदै भन्नुभयो " सरकार र गैर सरकारी संघसंस्था सबैको सामूहिक प्रयत्नबाट मात्र यसको अन्त्य सम्भव छ र युवाहरुको नेतृत्वमा नै यस्तो प्रभावकारी अभियान सञ्चालन हुनु महत्वपूर्ण र अनुकरणीय छ।"

विसं २०७८ को जनगणनाअनुसार नेपालमा करिब ३० प्रतिशत बालबालिकाको विवाह २० वर्ष उमेर नपुग्दै भइरहेको छ । सोही जनगणनाअनुसार मधेसमा सबैभन्दा बढी अर्थात् ३७ दशमलव तीन प्रतिशतले औसतमा १८ वर्षअगावै विवाह गर्छन्। त्यसमध्ये ५२ दशमलव दुई प्रतिशत बालिका र १९ प्रतिशत बालक छन् । जबकि राष्ट्रियरूपमा उमेर नपुग्दै विवाह गर्ने २९ दशमलव सात प्रतिशतमध्ये बालिकाको हिस्सा ४१ दशमलव एक र बालकको हिस्सा १५ दशमलव चार प्रतिशत रहेको छ ।



बहुआयामिक सूचक क्लस्टर सर्भे २०१९ अनुसार मधेसमा कुल जनसङ्ख्याको आठ दशमलव नौ प्रतिशत बालबालिकाले १५ वर्ष नपुग्दै विवाह गर्छन् । यसमा पनि बालकको प्रतिशत दुई दशमलव एक छ भने बालिकाको १४ दशमलव दुई प्रतिशत छ । सोही अध्ययनअनुसार १८ वर्षअगावै विवाह गर्ने २९ दशमलव तीन प्रतिशतमध्ये ४६ प्रतिशत बालिका र सात दशमलव आठ प्रतिशत बालक रहेका छन् ।

राष्ट्रिय जनगणना २०७८ को तथ्यांकले नै २०-२४ वर्ष उमेर समूहका विवाहित जनसङ्ख्यामध्ये राष्ट्रियरूपमा २९ प्रतिशतको विवाह १८ वर्षअगाडि नै भएको देखाएको छ । मधेसमा भने यो सङ्ख्या ३५ प्रतिशत छ । देशभर यो उमेर समूहका १६ प्रतिशत पुरुष र ३५ प्रतिशत महिलाले १८ वर्षअगावै विवाह गर्ने गरेकामा मधेसमा भने यो प्रतिशत पुरुषको १७ र महिलाको ४२ छ ।

बालविवाहको अवस्था विकराल हुँदै गएपछि मधेस प्रदेश सरकारले सन् २०३० सम्म प्रदेशलाई बालविवाह मुक्त बनाउन १० वर्षे प्रादेशिक रणनीतिक योजना २०७८ ल्याएको छ। त्यसैगरी प्रदेश बालअधिकार ऐन २०७७, सारभूत लैंगिक समानता नीति २०७८, बाल सहभागितासम्बन्धी कार्यविधि २०७८, बालिका सशक्तिकरण तथा सरक्षण ऐन २०८१ र बेटी बचाउ, बेटी पढाउ अभियानमार्फत बालअधिकार सरक्षण तथा बालविवाह न्यूनीकरणमा कार्य गर्दै आएकोछ ।

विसं २०७८ को राष्ट्रिय जनगणनाले १० देखि १७ वर्ष उमेर समूहका ७४,२७२ बालबालिकाको विवाह भइसकेको देखाएको छ । जसमध्ये १६,३४७ बालविवाहका घटना मधेश प्रदेशका देखिएका थिए, जुन राष्ट्रिय कुलको पाँच भागको एक भन्दा धेरै हो । मधेशमा ४२.४ प्रतिशत महिलाहरू १८ वर्षभन्दा अघि नै विवाह गर्छन्, जबकि राष्ट्रिय औसत ३३ प्रतिशत मात्र छ । महोत्तरीमा यो दर ४३.३ प्रतिशत पुगेको छ । तथ्याङ्कअनुसार, मधेशमा हरेक पाँचमध्ये एक किशोरीले किशोरावस्थामै गर्भधारण गर्ने गर्छन् । बालविवाहविरुद्धको अभियानको नेतृत्व गरिरहेको बर्दिबास नगरपालिकाले हालसम्म १४ मध्ये ९ वटा वडालाइ बालविवाहमुक्त वडा घोषणा गरिसकेको छ र चालू आवमा नगरलाइ नै बालविवाहमुक्त पालिका घोषणा गर्ने लक्ष्य लिएको छ ।

## सुरक्षानिकाय र जनकपुरका...

दिनसम्म आफ्नो व्यापारिक प्रतिष्ठानमा कालो झण्डा झुण्ड्याएका थिए । संघको अगुवाइमा मंगलबार जनकपुरधाम नगरमा विरोध ऱ्याली पनि निकालिएको थियो ।

धनतेरसको अघिल्लो दिन प्रहरीले अवैध सुनचाँदी रहेको सूचनाका आधारमा जनकपुरधामको सुनचाँदी बजारस्थित पायल ज्वेलर्समा छापा मारेको थियो । सो क्रममा पायल ज्वेलर्सबाट करिब सात किलो चाँदी नियन्त्रणमा लिएपछि व्यापारीहरूले आपत्ति जनाएका थिए । प्रहरी र व्यापारीबीच विवाद चर्किंदै जाँदा प्रहरीले बल प्रयोग गरेको थियो ।

सोही क्रममा संघका अध्यक्ष भण्डारी प्रहरीको कुटपिटबाट घाइते भएका थिए । त्यसपछि व्यापारीहरूले दोषी प्रहरीमाथि कारबाही र निष्पक्ष छानबिनको मागसहित आन्दोलन गरेका थिए । धनतेरसको पूर्वसन्ध्यामा प्रहरीले अवैध सुनचाँदी रहेको सूचनाका आधारमा सोनारपट्टी बजार क्षेत्रमा छापा मारेको थियो ।

सो क्रममा एक पसलबाट करिब सात किलो चाँदी नियन्त्रणमा लिएपछि व्यापारीहरूले विरोध जनाएका थिए । व्यापारीहरूले प्रहरीले छापाको नाममा चाँदी लुटेको आरोप लगाएका थिए । विवाद तीव्र बन्दै जाँदा प्रहरीले बल प्रयोग गरेको थियो, जस क्रममा जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी घाइते भएका थिए । उक्त घटनापछि व्यापारीहरूले दोषी प्रहरीमाथि कारबाही र निष्पक्ष छानबिनको माग गर्दै आन्दोलन शुरु गरेका थिए ।

## आन्दोलनरत स्वास्थ्यकर्मीहरु .........

नेपाल सरकारले तोकेको मापदण्डअनुसारको तलब पाउनुपर्ने माग गर्दै निजी अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीले आन्दोलनमा उत्रिएका छन् । श्रमशोषणमा परेको भन्दै उनीहरूले नेपाल सरकारको स्वास्थ्य मन्त्रालयले सिफारिस गरेको तलबअनुसार पाउनुपर्ने, स्वास्थ्यकर्मीको परिवारजनको निःशुल्क स्वास्थ्य उपचार, स्वास्थ्यकर्मीको सुरक्षा र बीमाको व्यवस्थासहित सात बुँदे माग गर्दै आन्दोलन थालेका छन् ।

मन्त्रालयले सूचना जारी हुँदासमेत निजी अस्पतालहरूले कार्यान्वयन नगरेको स्वास्थ्यकर्मी रामविनय ठाकुरले बताए । उनले जिल्ला प्रशासन कार्यालय, श्रम मन्त्रालय, मुख्यमन्त्री कार्यालय र स्वास्थ्य मन्त्रालयलाई बारम्बार ध्यानाकर्षण गराए पनि अहिलेसम्म कुनै ठोस कदम नउठाइएकाले बाध्य भएर सडकमा उत्रिएर आन्दोलन गर्नुपरेको बताए ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

| | |
|---|---|
| एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर) महेन्द्रनगर,धनुषा | ४१-५४०२३२ ९८४४०२४४५०/ ९८०४८२५८६० |
| एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१ ९८०४८१५१२६ |
| इलाका प्रहरी कार्यालय महेन्द्रनगर | ५४०१९९ |
| विद्युत प्राधिकरण महेन्द्रनगर | ५४०१६१ |

# 'नयाँ शक्ति' हरूको नैतिक संकट र भ्यागुताको धार्नी

## जेन जी आन्दोलनका केही नवयुवा नेताहरूले नयाँ पार्टी बनाउने घोषणा गरेका छन । तिनले के कस्ता र कति पार्टी बनाउने हुन प्रस्ट भइसकेको छैन ।

नयाँ, स्वतन्त्र, र वैकल्पिक भनिने राजनीतिक दल, समूह र अभियानकर्मीहरू पुराना दल र नेताले उन्नत लोकतान्त्रिक अभ्यास, उदार तथा सहिष्णु संस्कार, सुशासन र 'डेलिभरी' दिन नसकेको गुनासो गरेर कहिल्यै नथाक्दैनन् ।

तर, यिनको आन्तरिक राजनीतिक संस्कृति, नेतृत्व स्वार्थ, गुटीय संकीर्णता र व्यवहारिक हविगत भने पुरानाको भन्दा खासै भिन्न छैन । न यी एक आपसमा मिलेर 'नयाँ केन्द्र' बनाउन सक्दछन्, न नैतिक संकटबाट मुक्त नै छन् । नयाँ, वैकल्पिक र स्वतन्त्रहरूको ध्रुवीकरण गर्ने र एउटै दल बनाउने अभ्यास असफल हुँदै गएको छ ।

दर्जनौं नयाँ दल दर्ता हुने र कुनैले पनि बलियो प्रभाव देखाउन नसकेको कारण आगामी चुनावमा पुरानै दल संसद् र सत्तामा फर्किएर आए कुनै अनौठो हुने छैन । जेन जी आन्दोलनले अन्य दल र नेतालाई सुधार्न नसकेजस्तै नयाँ, स्वतन्त्र र वैकल्पिकहरूलाई एकीकृत गर्न सकेको छैन ।

कुनै बेला कम्युनिस्टहरूलाई फुट्नका लागि माहिर भनिन्थ्यो । दर्जनौं कम्युनिस्ट समूह थिए, यद्यपि छन् । बरु ८ कम्युनिस्ट घटक मिलेर नयाँ दल निर्माण गर्ने घोषणा गरे । कम्युनिस्टहरू फुट्न मात्र होइन, जुट्न पनि सक्दछन भन्ने सन्देश थिए ।

फुट र गुट संकीर्णताको रोग राजावादी र मधेशकेन्द्रित र पहिचानवादी दलमा पनि उस्तै छ । २०४७ सालमा राप्रापा बने यता राजावादी दर्जनौंपटक फुटेका, जुटेका छन् । राप्रपा महाधिवेशनमा राजेन्द्र लिङ्देनसँग पराजित भई नयाँ समूह बनाएका कमल थापा फेरि एकताको कुरा गर्दै छन् ।

अर्कोतिर दुर्गा प्रसाईं राजावादीहरूको 'नयाँ स्टार' बनेका छन् । अधिवक्ता वालकृष्ण न्यौपाने, सुरेन्द्र भण्डारी आदिले ससाना राजावादी समूह चलाइरहेका छन ।

मधेशकेन्द्रित पहिचानवादी दलहरूको विभाजन कम्युनिस्टहरूको भन्दा कम छैन । पहिल्यैदेखि यो धारमा दर्जनभन्दा बढी दल छन् । जनस्वराज पार्टी, नागरिक उन्मुक्ति पार्टी, नेपाल थपिएका छन् । जसपा, जसपाने, लोसपा, तमलोपा, रामुपा, नेपाल सद्भावना पार्टी, नागरिक उन्मुक्ति, जनमत आदि यो धारका दलहरू हुन् । नयाँ, स्वतन्त्र र वैकल्पिक भनिनेहरूको स्थिति पनि योभन्दा धेरै फरक छैन । आपसि एकता छलफल र ध्रुवीकरण प्रयासले अहिलेसम्म सार्थक परिणाम दिन नसकेपछि ती तितरबितर र निरास हुन थालेका छन् ।

२०७० सालको दोस्रो संविधानसभा निर्वाचनमा 'विवेकशील नेपाली दल' को नेतृत्व गर्दै उज्ज्वल थापाले यो अभियान सुरु गरेका थिए । पछि विकेशील र साझा पार्टी मिलेर विवेकशील-साझा बन्यो । बारम्बारका फुट, झमेला, झगडा र अन्ततः मूल नेता रवीन्द्र मिश्रको 'मार्ग परिवर्तन' ले यो धार कमजोर भयो ।

मिश्र केही वर्षको प्रयासपछि वैकल्पिक राजनीति परित्याग गर्दै राजावादी लाइनतिर छिरे ।


'विवेकशील' का नाममा अहिले पनि निर्वाचन आयोगमा दुईवटा दल दर्ता छन् । समीक्षा बाँस्कोटा नेतृत्वको विवेकशील-साझा र अर्को सन्तोष घिमिरेको अध्यक्षतामा नेपाल विवेकशील पार्टी ।

२०७३ जेठमा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले माओवादी पार्टी र साम्यवादी विचार परित्याग गरी वैकल्पिक राजनीतिक शक्ति निर्माण गर्ने भन्दै नयाँ शक्ति पार्टी बनाए तर, पुरानैसँगको सहकार्य, गठबन्धन, एकता र विभाजनले भट्टराईको अभियान थला पार्‍यो ।

जेन जी आन्दोलनको भावनालाई सम्मान गर्न भन्दै डा. भट्टराईले आफ्नो समूह नेसपा (नयाँ शक्ति) को अध्यक्ष पदबाट राजीनामा त गरे, तर, त्यसपछि पनि दलले गति समात्न सकेको छैन । यो समूहको नेतृत्व अहिले दुर्गा सोबले गर्छिन् ।

२०७४ को स्थानीय निर्वाचनमा नयाँ शक्तिले संघीय समाजवादी फोरमको चुनाव चिह्न साझेदारी गरेपछि पार्टीको माहौल बिग्रँदै गयो । २०७४ को आम निर्वाचनमा वामपन्थी गठबन्धनमा सामेल भएका डा. भट्टाई टिक्न सकेनन् । अन्ततः नेपाली कांग्रेससँग गठबन्धन गर्दै गोर्खा-२ मा चुनाव जिते ।

रंगशालामा हजारौंको उपस्थितिका घोषित उनको पार्टीले १ लाख भोट पनि कटाएन । अन्ततः संघीय समाजवादी फोरमसँग एकता गर्ने निर्णयमा पुग्यो । तर, त्यो एकता पनि टिकेन । नयाँ शक्तिले २०७९ को आम निर्वाचनमा माओवादी केन्द्रको चुनाव चिह्न




साझेदारी गर्‍यो । डा. भट्टराईले गोर्खा-२ माओवादी अध्यक्ष प्रचण्डलाई छोडिदिए ।

नयाँ शक्तिले अझै आफूलाई वैकल्पिक धारकै दल दाबी गर्छ । वैकल्पिक ध्रुवीकरणको प्रयासमा सामेल हुँदै आएको छ । तर, आठ कम्युनिस्ट समूहहरूको पछिल्लो एकतापछि असन्तुष्ट जनार्दन शर्मा, घनश्याम भुसाल आदि सँगसमेत नजिकको संवादमा छ ।

यसरी २०७९ को चुनावको मुखमा रास्वपाको गठन हुनुअघि वैकल्पिक राजनीतिका तीन अभ्यास विवेकशील, विवेकशील साझा र नयाँ शक्ति असफल भइसकेका थिए । मधेशकेन्द्रित दुई नयाँ दल नागरिक उन्मुक्ति र जनमत पार्टीको अनुभव पनि राम्रो रहेन । दुबै दल पुरानै दलहरूको सत्ता गठबन्धनका साझेदारका साथै फुट, विभाजनको शिकार बने । तिनमा पनि पुरानै दलको जस्तो चरित्र देखियो ।

रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) देशको इतिहासमै सर्वाधिक सफल नयाँ राजनीतिक दल सावित भयो । पार्टी गठनको ६ महिनाको अवधिमै करिब ११ लाख मत र २१ सिट पायो । यो स्तरको चुनावी सफलता कुनै नयाँ दलले कहिल्यै पाएको थिएन।

तर, जेन जी आन्दोलनपछि धेरैलाई यो दल पनि फिक्का लाग्न थालेको छ। भदौ २३-२४ का घटनाक्रममा लामिछाने आन्दोलनका नेताझैं 'जेलबाट निस्केर सिधै प्रधानमन्त्री हुने' हल्ला चलाइएको थियो । तर, जेन जी आन्दोलनकारीले हल्ला गरिएझैं लामिछानेको नेतृत्व स्वीकार गरेनन् ।

रास्वपालाई सभापति रवि लामछिनेलाई 'निजी नैतिक प्रश्न' ले नै खाइदियो । कहिले दोहोरो नागरिकता त कहिले दोहोरो पासपोर्ट, कहिले सहकारी ठगी त कहिले जेलब्रेक, अनि स्वार्थबझान् हुने गरीको पुरानै दलसँगको सत्तासझेदारी र गठबन्धनले पार्टीलाई कमजोर बनायो ।

अधिकांश रास्वपा नेता, कार्यकर्ता आज यो यथार्थलाई स्वीकार गर्ने मनस्थितिमा पुगेका छन् । तर, पार्टीलाई पुनर्ताजगी गर्ने कुनै उपाय निकाल्न सकिरहेका छैनन् ।

रास्वपा जति कमजोर हुँदै गयो, नयाँ र वैकल्पिक नेतृत्व खोज्नेहरूको रुझान् काठमाडौंका मेयर बालेन्द्र शाहप्रति बढ्दै गयो । जेन जी आन्दोलनसम्म आई पुग्दा बालेन थप विवादमा पर्दै र संदिग्ध बन्दै गएका छन् । धेरैको अपेक्षा थियो कि उनले नयाँ पार्टी खोल्ने छन् ।

रास्वपाले त उनलाई पार्टीको सभापति नै अफर गर्‍यो । तर, उनले त्यो जिम्मेवारी र थप जोखिम उठाउन चाहेनन् । बालेनलाई एकातिर चुनावपछि पुरानै दल सत्तामा फर्केलान् र आफूमाथि प्रतिशोध साँध्लान् भन्ने डर पनि छ, अर्कोतिर उनी नयाँ दल नखोल्ने निर्णयमा पुगेका छन् ।

कुनै नयाँ र भरपर्दो दल अस्तित्वमा आए समर्थन गर्ने बालेनको रणनीति छ । त्यसको विकल्प कुलमान घिसिङ नेतृत्वको नयाँ दल बन्ने हो कि भन्ने आशा थियो । तर, कुलमानका आफ्नै नैतिक संकट र व्यवहारिक समस्या देखिएका छन्।

गैरदलीय अन्तरिम सरकारको मन्त्री भएको कारण उनी आफ्नै अध्यक्षतामा नयाँ दल दर्ताको निवेदन दिन ढिलो गरिरहेका छन् । शुक्रबार बालुवाटारमा बोलाइएको सम्पादक भेलामा अन्तरिम सरकार प्रमुख सुशीला कार्कीले 'को-को मन्त्री चुनाव लड्दै हुनुहुन्छ ?' भनेर सोध्दा अरुले अस्वीकार गरे, घिसिङ भने बोलेनन् । घिसिङको उज्यालो नेपाल पार्टी केही दिनभित्र दर्ता हुने क्रममा छ । तर, सोमबार उनले सामाजिक सञ्जालमा तत्काल मन्त्री पद नछोड्ने प्रस्ट गर्दै लेखेका छन्- 'मैले पदबाट राजीनामा दिँदै गरेको भन्दै प्रसारित समाचारप्रति मेरो गम्भीर ध्यान आकर्षण भएको छ । पदबाट राजीनामा दिन लागेको भन्ने समाचारमा सत्यता नरहेको प्रस्ट पार्न चाहन्छु । जेन जी पुस्ताको ऐतिहासिक आन्दोलनपछि विषम परिस्थितिमा बनेको यो सरकार जनताको आशा र विश्वास पूरा गर्न प्रतिबद्ध छ । तीनवटा मन्त्रालयको जिम्मेवारी सम्हाल्दै म निरन्तर रुपमा आन्दोलनले दिएको जनादेश र विश्वास पूरा गर्न क्रियाशील छु ।'

मन्त्री घिसिङको यस्तो निर्णयले उनलाई थप अप्ठ्यारोमा पार्नेछ । गैरदलीय अन्तरिम सरकारको मन्त्री रहेर पार्टी दर्ता गर्दा अरु दलले उनको विरोध गर्ने छन् । पार्टीको नेता हुने हो भने उनले सरकारबाट राजीनामा दिनुपर्ने माग जनस्तरबाट समेत बढ्न सक्नेछ ।

कुलमान घिसिङको प्रस्ट राजनीतिक कदमको अभाव र बढ्दो नैतिक संकटपछि उनलाई साथ दिन तयार भएका समूह हच्केका छन । एमाले नेता महेश बस्नेतले घिसिङमाथि आधा दर्जन बढी संभावित भ्रष्टाचार काण्ड छानबिनको माग गर्दै सार्वजनिक आरोप लगाएका छन । बिषम परिस्थितिमा ठूला उद्योगहरूको विजुली लाइन काटेको सन्दर्भमा निजी क्षेत्रबाट उनको आलोचना भइरहेको छ ।

घिसिङको अस्पष्टता र समन्वय अभावपछि रास्वपा परित्याग गरेकी नेतृ सुमना श्रेष्ठ समूह बिकल्पहीनजस्तो भएको छ । मेयर वालेन्द्र शाह र जेनजी नेता सुदन गुरुङ पनि बिकल्पहीन भएका छन । सुदन कै नाममा नयाँ पार्टी दर्ता गर्न अन्य समूहले सहमति दिइहरेका छैनन् । घिसिङलाई समर्थन गरेर उनले नेतृत्व गर्ने दलमा समाहित हुन चाहनेहरू अलपत्र परेका छन । बालेन्द्र शाह र सुदन गुरुङले समर्थन गर्न योग्य दल पाइरहेका छैनन् ।

धराने मेयर हर्क साम्पाङले भिन्नै श्रम संस्कृति पार्टी बनाई सके । अन्तरिम सरकारको गृहमन्त्री बन्न सहयोग नगरेकामा उनी बालेन्द्र शाह र सुदन गुरुङसंग रुष्ट छन । पार्टी दर्ताको प्रमाणपत्र प्राप्त गरेपछि उनी पूर्वी नेपालतिरै पार्टी विस्तारको अभियान चलाई रहेका छन । वैकल्पिक ध्रुवको एकिकरण प्रक्रियामा उनी सामेल नभएको मात्र होइन, रुचि समेत राखेका छैनन् ।

विगतको खराब अनुभवले थलिएका नयाँ शक्ति पार्टी र विवेकशील-साझाजस्ता समूह कुनै नयाँ निष्कर्ष र रणनीतिमा पुग्न सकेका छैनन् । रवि लामिछानेका नैतिक संकट र 'ब्यागेज' को भार बोकेर यी रास्वपामा समाहित हुन सक्दैनन् ।

तर, रास्वपा भने नयाँ र वैकल्पिक धारका सबै दल र समूह रास्वपामै एकिकृत भई दिए हुन्थ्यो भन्ने धारणा राख्दछ । नयाँनयाँ दल खुल्दै जाँदा र वैकल्पिक धारमा धेरै दल हुँदा जनमत विभाजित भई पुराना दलहरूसंग प्रतिस्पर्धा गर्न गाह्रो पर्ने अवस्थामा पुगिने भय रास्वपालाई छ । रास्वपाको आग्रहलाई कसैले गम्भीरतापूर्वक लिएका छैनन् ।

रास्वपाले पुकार बमको नेतृत्वमा बनाएको वार्ता समितिले परिणाम निकाल्न सकेन । अहिले उपसभापति डा. स्वर्णिम वाग्ले 'बृहत्त राजनीतिक संवाद' को क्रममा छन । यसले पनि परिणाम दिने संभावना कम हुँदै गएको छ ।

जेन जी आन्दोलनका केही नवयुवा नेताहरूले नयाँ पार्टी बनाउने घोषणा गरेका छन । तिनले के कस्ता र कति पार्टी बनाउने हुन प्रस्ट भइसकेको छैन । जेन जी पुस्ताले बनाउने पार्टीमा अन्य पुस्ताको आकर्षण के कति हुने हो वा होइन, यसै भन्न सकिने अवस्था छैन । यो विश्लेषण तयार गर्दासम्म नयाँ, स्वतन्त्र र वैकल्पिकहरूको साझा मोर्चा वा एउटै पार्टी बनाउने प्रयास असफल भएको छ ।-नेपाल भ्युज

खबर दर्पण
राष्ट्रिय दैनिक



ज.प्र.का.म.द.नं.४८/०७३/०७४

# बर्दिबास र लालगढका छुट्टाछुट्टै स्थानबाट लागु औषधसहित तीन जना पक्राउ

**खबर दर्पण समाचारदाता**

**कार्तिक १८ गते, बर्दिवास**

प्रहरीले बर्दिबास र लालगढका छुट्टाछुट्टै स्थानबाट ४१ बोतल प्रतिबन्धित लागु औषधसहित तीन जनालाई पक्राउ गरेको छ।

लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट खटिएको प्रहरी टोलीले सोमबार साँझ विशेष सूचनाको आधारमा सञ्चालन गरेको तलासीका क्रममा उनीहरूलाई नियन्त्रणमा लिएको हो।

ब्युरो प्रमुख प्रहरी नायब निरीक्षक सरोजकुमार अधिकारीको नेतृत्वमा खटिएको संयुक्त प्रहरी टोलीले सुरुमा लालगढबाट सर्चअप्रेसन सुरु गरेको थियो। साँझ करिब ५ बजेतिर लालगढस्थित मोडेल अस्पताल पछाडिको कच्ची सडकमा तलासी लिदा ज १२ प ३१२९ नम्बरको मोटरसाइकल चलाइ रहेका मिथिला नगरपालिका-८, जमुनीबासका १८ वर्षीय रितेसकुमार महतोको साथबाट ओनेरेक्स सिरप १५ बोतल बरामद गरेको थियो।

ब्युरो प्रमुख अधिकारीका अनुसार मोटरसाइकलको लेगार्डमा झुण्याइएको झोलाभित्र लुकाइएको अवस्थामा उक्त लागुऔषध फेला परेको हो।

लगत्तै प्राप्त अर्को सूचनाको आधारमा ब्युरो प्रमुख अधिकारी नेतृत्वकै टोलीले साँझ करिब ७ बजे बर्दिबास नगरपालिका-८, हाथीलेट प्रहरी चौकी अगाडि निगरानी बढाएको थियो।

लालगढमा पक्राउ परेका रितेशलाई इलाका प्रहरी ढल्केबरमा र राजेश तथा रोहितलाई अनुसन्धान कारबाहीका लागि




इलाका प्रहरी बर्दिबासमा बुझाएको ब्युरो प्रमुख अधिकारीले बताए।






गौशला नगरपालिका, महोत्तरी




बर्दिवास नगरपालिका, महोत्तरी




भंगहा नगरपालिका, महोत्तरी




औरही नगरपालिका, महोत्तरी


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,